वैठक संख्या ६

आज मिति २०७४ फाल्गुन १५ गते शुक्रबार दिनको २:०० बजे बेलबारी नगरपालिकाकानगर प्रमुखश्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगरकार्यपालिकातपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुबेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुबेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनीता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजान राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री गणेश प्रसाद दाहाल | प्र.प्रशासकिय अधिकृत | उपस्थित |
| | **अन्य कर्मचारीहरु** | | |
| १ | महेन्द्र खड्का | शाखा अधिकृत (सातौं) | उपस्थित |
| २ | टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| ३ | झमक भट्राई | सामाजिक विकास अधिकृत | उपस्थित |
| ४ | बलराम गौतम | लेखापाल | उपस्थित |
| ५ | दिनेश खड्का | का.संयोजक | उपस्थित |

## प्रस्तावहरु

१. उपभोक्ता समिति गठन म्याद थप र लागत साझेदारी सम्बन्धमा ।

२. एकिकृत सम्पति कर क्षेत्र विस्तार तथा पुर्नमूल्यांकन सम्बन्धमा ।

३. साबिक डागीहाट र बाहुनी गाविसको सा.सु.भात्ता बैक मार्फत भूक्तानी सम्बन्धमा ।

४. आ.व. ०६८/६९ मा न.पा.ले सवारी साधन खरीद सूचनाको भुक्तानी सम्बन्धमा ।

५. लोकमार्गको क्षेत्र व्यवस्थापन ।

६. योजना पेश्की सम्बन्धमा ।

७. योजना अनुगमन उपसमिति ।

८. घर नक्शा पास सम्बन्धमा ।

९. शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ ।

१०. जिवन रुपान्तरण कार्यशाला गोष्ठी ।

# निर्णयहरु

**निर्णय नं. १:** प्रस्ताव नं. ८ माथि छलफल हुदाँ घरनक्शा विषयमा आईपरेका तपशिल बमोजिमका समस्याहरु समाधानको लागि सोही अनुसार कार्यान्वयनमा ल्याउने र बेलबारी नगरपालिकाको भवन निर्माण तथा नक्शापास मापदण्ड २०७२/०७३ लाई अध्ययन गरी आवश्यक परिमार्जन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| सि.न. | घरनक्सा पासको कार्यमा आइपरेका समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | **नगरपाालिका पुर्नगठन पुर्वका साविक गा.वि.स.हरुमा साविक निर्माण सम्पन्न घरहरु** | |
| | (क) सडकको सेडब्याक नपूगेका सम्बन्धमा | (क) यस्ता प्रकृतीका घरहरुलाई बढीमा ६ महिनाको समय सिमा तोकी दर्ताका लागी सुचना आब्हान गर्ने । नगरपालिका पुर्नगठन पुर्व निर्माण भएको प्रमाण खुल्ने कागज (बिद्युत जडान मिति, धारा जडान मिति) वडा अध्यक्षको रोहवरमा निज घरधनीबाट भविष्यमा सडक बिस्तार हूदाँ म आफनै खर्चमा भत्काउन मंजुर छु भन्ने व्यहोराको मंजूरिनामा लिई नगरपालिका पुर्नगठन पुर्व निर्माण भएको हूदाँ वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड,२०७२ र राष्ट्रिय भवन आचारसंहिता २०६० मूताविकका अवयवहरु पूरा नभएकोले अभिलेखीकरण मात्र गरिएको व्यहोराको छाप लगाई नियमित गर्न सकिने । |
| | (ख) झ्याल राख्दा संधियारको पट्टी छोडनू पर्ने सेडब्याक नपूगेका सम्बन्धमा | (ख) यस्ता प्रकृतिका घरहरुलाई बढीमा ६ महिनाको समय सिमा तोकी दर्ताका लागी सुचना आब्हान गर्ने वडा अध्यक्षको रोहवरमा निज संधियारबाट निज घरधनीले मेरो साँध सिमना पट्टी झ्याल राखेमा मलाई कूनै प्रकारको हानी नोक्सानी पर्दैन भविष्यमा कहिकतै उजुर बाजुर गर्ने छैन भन्ने व्यहोराको मंजुरीनामा लिई नगरपालिका पुर्नगठन पुर्व निर्माण भएको हूँदा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ र राष्ट्रिय भवन आचारसंहिता २०६० मूताविकका अवयवहरु पुरा नभएकोले अभिलेखीकरण मात्र गरिएको व्यहोराको छाप लगाई नियमित गर्ने सकिने । |
| २ | **पुरानो स्ट्रक्चरल मापदण्ड नपूगेका घरहरुको तला थप सम्बन्धमा ।** | २. सार्वजनिक भवनहरु (अस्पताल, विद्यालय, सभाहल, सिनेमाहल, सपिङमल आदी ) बाहेक डिजाइनर ईन्जिनियरबाट तलाथप गर्न मिल्ने पुष्टयाई भई आएमा र कार्यलयको इन्जिनियरबाट सदर गरेमा एकतला सम्म थप गर्न अनूमति दिइने । तर सामान्य प्रकिृतिका घरहरुलाई १ तला सम्म थपगर्न अनूमति दिन सकिने । |
| ३ | **निर्माण ईजाजत नलिई मापदण्ड नपुगी निर्माणधिन तथा निर्माण सम्पन्न घर सम्बन्धमा ।** | ३. यस्ता प्रकृतिका घरहरुलाई बढीमा ६ महिनाको समय सिमा तोकी दर्ताका लागी सुचना आब्हान गर्ने सडकको सेडब्याक र झ्याल राख्दा संधियारको पट्टी छोडनू पर्ने सेडब्याक नपूगेका सम्बन्धमा सम्बन्धित घरधनी र संधियारबाट मंजुरीनामा लिइ वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी |

| | | |
|---|---|---|
| | | मापदण्ड २०७२ र राष्ट्रिय भवन आचारसंहिता २०६० मूताविकका अवयवहरु पूरा नभएकोले अभिलेखीकरण मात्र गरिएको ब्यहोराको छाप लगाई नियमीत गर्न सकिने । |
| ४ | **नक्शा पास गरी प्रथम चरण निर्माण ईजाजत लिएका दोस्रो चरण निर्माण इजाजत का लागी फिल्ड निरीक्षण गर्दा मापदण्ड नपुगेका घर सम्बन्धमा** | ४. सडकको सेडब्याकको मापदण्ड बाहेक स्ट्रक्चरल मापदण्ड नपुगेकालाई घर निर्माण सम्पन्न पश्चात् जरीवाना लिई वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ र राष्ट्रिय भवन आचार संहिता २०६० मूताविकका अवयवहरु पूरा नभएकोले अभिलेखीकरण मात्र गरिएको ब्यहोराको छाप लगाइ नियमीत गर्न सकिने । |

अध्ययनकार्यदल

१. संयोजकः श्री घनश्याम गौतम

२. सदस्यःश्री चक्र बहादुर खुलाल

३. सदस्यःश्री बालकृष्ण निरौला

**निर्णय नं. २:** प्रस्ताव नं. १ माथि छलफल हुदाँ चालु आ.व.को योजना संचालनको लागि उपभोक्ता समिति गठन र योजना संझौता सम्बन्धमा फाल्गुन १५ गते सम्म समयसिमा रहेकोमा सो को लागि फाल्गुन मसान्तसम्ममा उपभोक्ता समिति गठन र संझौताका सबै कार्य सम्पन्न गर्ने गरी समय थप गर्ने साथै उपभोक्ताको लागत सहभागीता सम्बन्धमा बजेट तथा कार्यक्रम कार्यन्वयनमा चुनौती तथा जटिलता देखिएको सवालमा पूल, कल्भर्ट, भवन र सिचाईको बाँध निर्माण जस्तो संरचनाको काममा ३० प्रतिशतलाई कम्तिमा १० प्रतिशत जनश्रमदान सहित र सडक ग्राभेल कार्यमा ३० प्रतिशतको प्रावधानलाई कम्तीमा २० प्रतिशतलागत सहभागिता कायम गर्ने र विद्युत पोल खरिद, विद्युततार खरिद तथा होमपाइप खरिदमा लागत सहभागीता आवश्यक नपर्ने तथा लागत सहभागितामा सहभागी नहुने उपभोक्तालाई वडा कार्यालय र नगरपालिकाबाट उपलब्ध गराउने सेवाहरुबाट बन्चित गराईने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. २ माथि छलफल हुदाँ साविक डागीहाँट र बाहुनीमा एकिकृत सम्पत्ति करको क्षेत्र विस्तार गर्न आवश्यक भएको साथै एकिकृत सम्पत्तिकर लगाईसकेको क्षेत्रमा समेत भूगोलको वडाहरु हेरफेर भएको अवस्थामा पुर्नमूल्याकंन समेत गर्ने गरी तपशिल बमोजिमको कार्यदल गठन गरिने निर्णय गरियो ।

तपशिल

१. संयोजकः श्री योगेन्द्र प्रसाद सुवेदी

२. सदस्यःश्री विश्ववन्धु बस्नेत

३. सदस्यःश्री चेत बहादुर बस्नेत

४. सदस्यःश्री नगेन्द्र खड्का

५. सदस्यःश्री यम बहादुर पोखरेल

६. सदस्यःश्री धनपति गौतम

७. सदस्यःश्री गंगा बहादुर याख्खा

८. सदस्यःश्री कुमार बस्नेत

९. सदस्य सचिवः श्री टेकनाथ रेग्मी

**निर्णय नं. ४:** प्रस्ताव नं. ३ माथि छलफल हुदाँ साबिक बाहुनी र डागीहाँट क्षेत्रको सामाजिक सुरक्षा भत्ता आ.व. २०७४/०७५ को तेश्रो चौमासिक देखि जेष्ठनागरिक र एकल महिला हकमा पायक पर्ने स्थानको बैंकमा खाता खोली सो मार्फत भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**प्रस्ताव नं. ४ माथि छलफल हुदाँ आ.व. २०६८/०६९ मा यस नगरपालिकाले सवारी सधान खरीद सम्बन्धी बोलपत्र खरीदको सार्वजनिक सूचना राष्ट्रिय दैनिक अन्नपूर्णपोष्टको मिति २०७१।६।२३ गतेको पत्रिकामा सूचना प्रकाशन भएको र सो सूचनाको भूक्तानीको दायित्व हालसम्म नभएको देखिएकोले सो बिलभपाईको आधारमा मिति २०७४ भदौ १५ गतेको भूक्तानी माग गरेको निवेदन बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**प्रस्ताव नं.५ माथि छलफल हुदाँ पूर्वपश्चिम लोकमार्गको क्षेत्राधिकार व्यवस्थापनको लागि पूर्वाधार विकास समितिका संयोजकको संयोजकत्वमा देहाय तपशिलको कार्यदल गठन गरी यथासिघ्र कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

तपशिल

१. संयोजक: श्री यम बहादुर पोखरेल

२. सदस्य:श्री चक्र बहादुर खुलाल

३. सदस्य:श्री घनश्याम गौतम

४. सदस्य:श्री योगेन्द्र प्रसाद सुवेदी

५. सदस्य:श्री गंगा बहादुर याख्खा

६. सदस्य:श्री राम कुमार राई

७. सदस्य सचिव: श्री बालकृष्ण निरौला

**निर्णय नं. ७:**प्रस्ताव नं. ६ माथि छलफल हुदाँ चालु आ.व.को योजना संचालनमा उपभोक्ताहरुको समस्यालाई ध्यानमा राखी कार्य संचालनमा सहजता ल्याउन योजनाको कुल लागतको न्यूनतम ३० प्रतिशत पेश्की दिने जुन पहिलो रनिङ्गबिलबाट फछ्र्यौट समेत गरिने निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ७ माथि छलफल हुदाँ नगर क्षेत्रभित्र संचालित योजनाहरुको अनुगमन गरी आवश्यक नियमन गर्ने, अनुगमनको लागि आवश्यक पर्ने विषयगत क्षेत्र अनुसारको सूचक निर्धारण, अनुगमन कार्य योजना बनाई आवश्यकता अनुसार अनुगमन गरी मासिक रुपमा सो को प्रतिवेदन नगर कार्यपालिकाको वैठकमा प्रतिवेदन पेश गर्ने गरी तपशिल बमोजिमको योजना अनुगमन उपसमिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. संयोजक: श्री ढाका कुमारी पराजुली

२. सदस्य:श्री गिता सिवा

३. सदस्य:श्री विन्दुकला गुरुङ्ग

४. सदस्य:श्री बालकृष्ण निरौला

५.सदस्य सचिव: योजना अनुगमन तथा तथ्यांक शाखा प्रमुख

**निर्णय नं. ९:**प्रस्ताव नं. १० माथि छलफल हुदाँ चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार क्षमता विकास कार्यक्रम अर्न्तगत जनप्रतिनिधि र कर्मचारीहरुको लागि जिवन रुपान्तरण कार्यशाला गोष्ठी संचालन यहि मिति २०७४ फाल्गुन २० र २१ गते गर्ने साथै सो कार्यशालाको सहजीकरण गरेवापत व्यक्तित्व विकास र जिवन रुपान्तरण विषय क्षेत्रका राष्ट्रिय सहजकर्ता श्री नर बहादुर कार्कीलाई सहजकर्ता पारिश्रमिकवापत एकमुष्ठ रु. १७६०००।०० आतेजाते टिकट बाहेक कर सहित दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** प्रस्ताव नं. ९ माथि छलफल हुदाँ विधेयक समितिको मिति २०७४।११।१४ गतेको वैठकबाट सिफारिस भई आएको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ मा आवश्यक छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ को दफा २५ को उपदफा (१) ख को प्रयोजनार्थ नगर शिक्षा समिति सदस्यमा कार्यपालिका सदस्य श्री ढाका कुमारी पराजुली र श्री घनश्याम गौतमलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** यस नगरपालिका क्षेत्र भित्रका बोनम्यारो ट्रान्सप्लान्ट, क्यान्सर रोगी, मुटुरोगी, मृगौला प्रत्यारोपण, स्पाइनलकर्ड इन्जुरी जस्ता गम्भिर रोग लागेका विरामीहरुलाई तपशिल बमोजिमका आधारमा प्रति विरामी एक पटक आर्थिक सुविधा दिने निर्णय गरियो ।

| क्र.सं. | रोगको प्रकृति | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | बोनम्यारो ट्रान्सप्लान्ट | २५०००।०० | |
| २ | क्यान्सर | २५०००।०० | |
| ३ | मुटुरोगी | २५०००।०० | |
| ४ | मृगौला प्रत्यारोपण | २५०००।०० | |
| ५ | स्पाइनलकर्ड इन्जुरी | २५०००।०० | |

तपशिल

(क) रोगी बेलबारी नगरपालिकाको स्थायी बसोबास गर्ने नागरिक हुनु पर्नेछ ।

(ख) उल्लेखित रोग मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भई उपचाररत हुनु पर्नेछ ।

(ग) निजको विपन्न र कमजोर आर्थिक अवस्था भएको सिफारिस हुनु पर्नेछ ।

# निर्णयहरु

**निर्णय नं. १:** प्रस्ताव नं. ८ माथि छलफल हुदाँ घरनक्शा विषयमा आईपरेका तपशिल बमोजिमका समस्याहरु  समाधानको लागिसोही अनुसार कार्यान्वयनमा ल्याउने र बेलबारी नगरपालिकाको भवन निर्माण तथा नक्शापास मापदण्ड २०७२/०७३ लाई परिमार्जन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**